# प्रदेशस्तरमा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

मानननीय मन्त्रीस्तरबाट स्वीकृत मितिः

२०८२/०५/१९

प्रस्तावनाः लघु, घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्द्धन गर्न, उद्यमशील संस्कृतिको विकास गर्न र औद्योगिक जनशक्ति निर्माण मार्फत स्वदेशमै रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित प्रदेशस्तरमा उद्यमशीलता विकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रदेशस्तरमा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आधारभूत सीप विकास तालिम" भन्नाले उद्यम व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धन गर्नका लागि आवश्यक पर्ने प्राविधिक सीपमूलक तालिम सम्झनु पर्छ।

(ख) "आवासीय कार्यक्रम" भन्नाले प्रदेशस्तरमा सञ्चालन हुने उद्यमशीलता विकास कार्यक्रमका प्रशिक्षार्थीलाई खाने बस्ने व्यवस्था समेत गरी प्रदान गरिने तालिम सम्झनु पर्छ।

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

(ग) "केन्द्र" भन्नाले लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र सम्झनु पर्छ।

(घ) "सीप अभिवृद्धि (एडभान्स) तालिम" भन्नाले एक पटक सीप विकास तालिम लिई व्यवसाय सञ्चालन गरिरहेका उद्यमीलाई सोही विषयमा दिइने उच्चस्तरको तालिम सम्झनु पर्छ र सो शब्दले आधारभूत सीप प्राप्त व्यक्तिलाई दिइने थप तालिम समेतलाई जनाउँछ।

## परिच्छेद -२

## सञ्चालन हुने कार्यक्रमको क्षेत्र, विषय र स्थान

३. सञ्चालन गरिने कार्यक्रमः यस कार्यविधि अन्तर्गत वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्नेछः-

(क) कोशी प्रदेशमा मागमा आधारित उद्यमशीलता विकास कार्यक्रम,

(ख) मधेश प्रदेशमा मागमा आधारित उद्यमशीलता विकास कार्यक्रम,

(ग) बागमती प्रदेशमा मागमा आधारित उद्यमशीलता विकास कार्यक्रम,

(घ) गण्डकी प्रदेशमा मागमा आधारित उद्यमशीलता विकास कार्यक्रम,

(ङ) लुम्बिनी प्रदेशमा मागमा आधारित उद्यमशीलता विकास कार्यक्रम,

(च) कर्णाली प्रदेशमा मागमा आधारित उद्यमशीलता विकास कार्यक्रम,

(छ) सुदुरपश्चिम प्रदेशमा मागमा आधारित उद्यमशीलता विकास कार्यक्रम।

४. उद्यमशीलता कार्यक्रमको प्रकृति (१) उद्यमशीलता विकास कार्यक्रमको प्रकृति देहाय बमोजिम हुनेछः-

(क) आधारभूत सीप विकास तालिम र

(ख) सीप अभिवृद्धि (एडभान्स) तालिम

(२) उपदफा (१) बमोजिमका कार्यक्रम अनुसूची-१ बमोजिमका क्षेत्रमा सञ्चालन गरिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिए तापनि यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रम ३९० कार्यघण्टा (६० कार्यदिन) अवधि भन्दा कम नहुने गरी सञ्चालन गर्नु पर्नेछ।

५. <u>कार्यक्रमको विषय र स्थान छनोट:</u> (१) दफा ३ बमोजिमको उद्यमशीलता विकास कार्यक्रम सम्वन्धित प्रदेश भित्रको उपयुक्त स्थानमा सञ्चालन गर्नुपर्नेछ।

(२) केन्द्रले सम्बन्धित प्रदेशको उद्योग क्षेत्र हेर्ने मन्त्रालयसँगको समन्वयमा कार्यक्रमको विषय छनोट गर्नसक्नेछ।

(३) प्रदेशको उद्योग क्षेत्र हेर्ने मन्त्रालयले सम्बन्धित प्रदेशको आवश्यकताका आधारमा अनुसूची-१ बमोजिमका कुनै ५ वटा विषयमा तालिम सञ्चालनका लागि माग गरी पठाउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त माग समेतका आधारमा केन्द्रले वार्षिक विनियोजित बजेटको सीमाभित्र रही प्रदेशभित्र सञ्चालन गरिने कार्यक्रमको विषय निर्धारण गर्नुपर्नेछ।

(५) उपदफा (२) बमोजिम प्रदेशको उद्योग हेर्ने मन्त्रालयबाट समयमा माग प्राप्त नभएमा केन्द्र आफैंले निर्धारण गरेका अनसूची-१ बमोजिमका विषयमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

६. <u>तालिमका प्रशिक्षार्थी छनोट</u>: (१) दफा ५ बमोजिमको कार्यक्रमका प्रशिक्षार्थी छनोट गर्न केन्द्रले राष्ट्रिय दैनिक पत्रिका र आफ्नो बेवसाइटमार्फत कम्तिमा पन्ध्र दिन अवधिको सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नुपर्नेछ। सूचनाको म्यादभित्र पर्याप्त आवेदन प्राप्त नभएमा सात दिनको म्याद थप गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको सूचना श्रव्यदृश्य सञ्चारका माध्यमबाट प्रसारण तथा सम्बन्धित प्रदेश र स्थानीय तहमा पत्राचार गरी प्रचारप्रसार समेत गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा तालिमको नाम, सञ्चालन हुने स्थान, अवधि, छनोट गरिने सङ्ख्या, दरखास्त दिँदा पेस गर्नुपर्ने कागजात, दरखास्त दिने तरिका, प्रशिक्षार्थीले प्रशिक्षणका अवधिमा पाउने सेवा सुविधा तथा छनोटका आधारहरू र छनोटको सूचना प्रकाशन हुने माध्यमसमेत खुलाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको सूचनाको म्यादभित्र सञ्चालन हुने कार्यक्रमका लागि अनुसूची-२ बमोजिमको ढाँचामा प्रशिक्षार्थीले केन्द्रको अनलाईन प्रणालीमार्फत दरखास्त दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको दरखास्त केन्द्रमा आफैं उपस्थित भएर वा प्रदेशको उद्योग क्षेत्र हेर्ने मन्त्रालयमार्फत समेत दिन सकिनेछ। प्रदेशको उद्योग क्षेत्र हेर्ने मन्त्रालयले प्रदेशमा प्राप्त दरखास्त सूचनाको म्याद सकिएको तीन दिन भित्र केन्द्रमा पठाउनुपर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिम प्राप्त हुन आएका आवेदनमध्येबाट उमेर समूह, स्थायी ठेगाना, लक्षित वर्ग र एड्भान्स तालिमको लागि कार्य अनुभव समेतका आधारमा योग्य प्रशिक्षार्थी छनोट गरी सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गर्नु पर्नेछः

(क) कार्यकारी अधिकृतले तोकेको केन्द्रको उपसचिवस्तर/अधिकृतस्तरको कर्मचारी -संयोजक

(ख) केन्द्रले तोकेको सम्बन्धित विषयको विज्ञ -सदस्य

(ग) सम्बन्धित कार्यक्रम हेर्ने केन्द्रको कर्मचारी -सदस्य

यस उपदफामा जुनसुकै कुरा लेखिएको भए तापनि मूल्याङ्कन सम्बन्धी कार्यसम्पादनलाई छिटो छरितो, सहज र लाभग्राहीमैत्री बनाउन केन्द्रले यस उपदफा बमोजिमको समितिलाई प्रदेशगत एवम् जिल्लागत रूपमा मुकाम राखी मूल्याङ्कनको कार्य गर्ने गरी खटाउन र आवश्यकता अनुसार केन्द्रको अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा अन्य सदस्यहरू मुकामस्तरमा रहेका संघ, प्रदेश वा स्थानीय तहका निकायबाट नै खटाउने गरी थप मूल्याङ्कन समिति गठन गरी कार्य गर्न गराउन बाधा पुगेको मानिने छैन।

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(७) उपदफा (६) बमोजिम छनोट भएको प्रशिक्षार्थीको जानकारी उपयुक्त माध्यमबाट दिनु पर्नेछ। छनोट भएका प्रशिक्षार्थी तोकिएको तालिम कार्यक्रममा तोकिएकै मितिमा सहभागी हुनुपर्नेछ र तोकेको समयमा हाजिर नभएमा वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई क्रमशः सहभागी गराउनु पर्नेछ।

(८) उपदफा (१) बमोजिम सूचना प्रकाशित गर्दा पर्याप्त आवेदन नपरी पर्याप्त प्रशिक्षार्थी छनोट हुन नसकेमा वा छनोट भएका प्रशिक्षार्थी तालिममा सहभागी हुन नआई कोटा खाली भएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट प्राप्त भएको नामावलीका आधारमा समेत प्रशिक्षार्थी छनोट गरी सहभागी गराउन सकिनेछ।

७. <u>प्रशिक्षार्थीको योग्यता</u>: (१) तालिम कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थीको योग्यता देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित प्रदेशको नागरिक,

(ख) १६ वर्ष उमेर पुरा भएको,

(ग) तालिमका विषयगत पाठ्यक्रममा तोकिए बमोजिम शैक्षिक योग्यता तथा कार्य अनुभव भएको।

(२) सीप अभिवृद्धि तालिममा सहभागी हुन चाहने व्यक्तिले उपदफा (१) बमोजिमको योग्यताका अतिरिक्त सो सम्बन्धी आधारभूत तालिम लिएको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आधारभूत तालिमको प्रमाणपत्र नभएमा सो विषयमा कम्तिमा २ वर्षको पेशा व्यवसाय वा रोजगार वा स्वरोजगारको अनुभव भएको कागजात पेश गर्नुपर्नेछ।

८. <u>प्रशिक्षार्थी सङ्ख्या निर्धारण र समूह निर्माण</u>: (१) एक समूहको तालिममा सहभागीको सङ्ख्या सामान्यतया २० जना हुनेछ।

(२) कुनै विषयमा आवश्यक न्यूनतम संख्या भन्दा कम र कुनै विषयमा बढी संख्यामा निवेदन पर्न आएमा आवेदन कम भएको विषय स्थगन गरी बढी आवेदन भएको विषयमा दुई वा दुईभन्दा बढी समूहमा तालिम सञ्चालन गर्न सकिनेछ।

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद -३

## कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन

९. कार्यक्रम सञ्चालनको विधिः (१) कार्यक्रमको सञ्चालन प्रचलित सार्वजनिक खरिद कानून बमोजिम परामर्श सेवा खरिद गरी गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसारको कार्यक्रम सम्भव भएसम्म एउटा प्रदेशभित्र समान विषयको एउटै प्याकेज बनाई सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तीन पटक सूचना प्रकाशन गर्दा पनि सेवा खरिद हुन नसकेमा केन्द्रले प्रदेश वा स्थानीय तहसँगको समन्वयमा अन्य विधि मार्फत कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

१०. कार्यक्रमको व्यवस्थापकीय पक्षः (१) यस कार्यविधि बमोजिमको कार्यक्रम आवासीय रुपमा सञ्चालन गर्न सकिनेछ।

(२) आवासीय रूपमा सञ्चालन हुने कार्यक्रममा सहभागी प्रशिक्षार्थीले विशेष अवस्थामा बाहेक कार्यक्रम छोड्न पाइने छैन।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "विशेष अवस्था" भन्नाले पाँच दिन भन्दा बढी अस्पताल भर्ना भई उपचार गर्नु पर्ने वा आफैं किरिया बस्नु पर्ने अवस्था सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिम बाहेक बीचमै कार्यक्रम छोड्ने प्रशिक्षार्थीलाई यस कार्यविधि बमोजिम पाइने कुनै सेवा सुविधा प्रदान गर्न सकिने छैन।

## परिच्छेद-४

## पाठ्यक्रम, प्रशिक्षण विधि र उत्पादित वस्तुको व्यवस्थापन

११. पाठ्यक्रमको प्रयोगः नेपाल सरकारका विशिष्टिकृत तालिम प्रदायक संस्था वा सिटिईभिटिबाट स्वीकृत पाठ्यक्रममा आधारित रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

नेपाल सरकार

१२. <u>पाठ्यक्रम निर्माण र स्वीकृति</u>ः (१) यस कार्यविधि बमोजिम कुनै कार्यक्रम सञ्चालन गर्दा दफा ११ बमोजिमको कुनै पाठ्यक्रम बनी नसकेको कारण नयाँ पाठ्यक्रम निर्माण गर्नुपर्ने भएमा वा उपलब्ध पाठ्यक्रम परिमार्जन गर्नुपर्ने भएमा वा कुनै पाठ्यक्रमलाई आंशिक रुपमा मात्र प्रयोग गर्नुपर्ने भै सो पाठ्यक्रमको अंश मात्र छनोट गर्न आवश्यक भएमा त्यस्तो पाठ्यक्रम निर्माण तथा परिमार्जन र स्वीकृत गरी केन्द्रले लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्नका लागि केन्द्रले सम्बन्धित विषयका विज्ञ सहितको समिति गठन गर्न सक्नेछ।

१३. <u>प्रशिक्षण सञ्चालन विधि</u>ः (१) स्वीकृत पाठ्यक्रम अनुसार तालिम कार्यक्रममा देहायको विधि प्रयोग गरी तालिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछः-

(क) तालिमको विषयवस्तु सम्बन्धी सैद्धान्तिक ज्ञानको लागि व्याख्यान विधि वा

(ख) तालिमको विषयवस्तुको व्यवहारिक ज्ञानको लागि प्रयोगात्मक विधि वा

(ग) अवलोकन तथा प्रदर्शनी विधि वा

(घ) नमुना उत्पादन विधि वा

(ङ) तोकिएको अन्य विधि।

(२) तालिमको अवधि तथा दैनिक कार्य घण्टा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ। दुई वा दुई भन्दा बढी कार्य दिनको तालिमलाई एकै कार्य दिनमा गाभी सञ्चालन गर्न पाईने छैन।

(३) सार्वजनिक बिदा बाहेक अन्य दिनमा कुनै आकस्मिक कारण परी तालिम सञ्चालन हुन नसकेमा सोको सट्टा अर्को दिन तालिम सञ्चालन गर्नु पर्नेछ। सामान्यतया तालिम दिउँसो सञ्चालन गरिनेछ। तर आवश्यकता अनुसार तालिमको प्रकृति हेरी उपयुक्त देखिएमा केन्द्रको समन्वयमा अन्य समयमा पनि सिफ्ट कायम गरी तालिम सञ्चालन गर्न सकिने छ।

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) तालिमको विषय हेरी प्रशिक्षार्थीहरूलाई तालिम अवधिमा नै बजार वा उद्योग अवलोकन गराउन सकिनेछ।

(५) तालिममा सहभागी प्रशिक्षार्थीले न्यूनतम ९० प्रतिशत रुजु हाजिर भएको हुनुपर्ने र प्रशिक्षण कार्यक्रममा प्रशिक्षकद्वारा तोकिएको आचारसंहिता पालना गर्नुपर्ने छ।

(६) तालिम सम्पन्न भएपछि सहभागी प्रशिक्षार्थीहरूलाई अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

(७) तालिम सम्पन्न गरेका प्रशिक्षार्थीलाई अनिवार्य सीप परीक्षणको व्यवस्था गर्नुपर्नेछ।

१४. <u>उत्पादित वस्तुको व्यवस्थापन:</u> (१) यस कार्यविधि बमोजिमको तालिमबाट उत्पादित सामान वा वस्तुहरू व्यवस्थित अभिलेख राखी प्रशिक्षण अवधिभित्रै प्रशिक्षार्थीको श्रमको सम्मान स्वरुप निजहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले सहभागीलाई नै वितरण गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि किम्ति सामान वा वस्तुहरू तालिम प्रदायकले केन्द्रमा बुझाउनुपर्नेछ र ती वस्तुहरू केन्द्रले दाखिला गरी नियमानुसार लगत लिलाम गर्नु पर्नेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनका लागि "किम्मति सामान" भन्नाले सुन, चाँदी, हिरा, मोति, वहुमुल्य पत्थर वा यस्तै प्रकृतिका सामग्री सम्झनु पर्छ।

## परिच्छेद- ६

## <u>विविध</u>

१५. <u>कार्यालय व्यवस्थापन खर्च:</u> (१) कार्यक्रमको अनुगमन, आवेदन संकलन तथा प्रशिक्षार्थी छनोट र प्रशासनिक तथा व्यवस्थापकीय कार्यका लागि विनियोजित बजेटबाट बढीमा चार प्रतिशत रकम खर्च गर्न सकिनेछ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत

(२) उपदफा (१) बमोजिमको रकममध्ये कार्यक्रम सञ्चालन हुने प्रदेशको उद्योग हेर्ने मन्त्रालयबाट हुने अनुगमन तथा व्यवस्थापकीय कार्यमा प्रति प्रदेश एक लाख रुपैयाँसम्म खर्च गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको खर्चको बिल भरपाई केन्द्रमा पेश गर्नुपर्नेछ।

१६. अनुगमन, निरीक्षण तथा मूल्याङ्कनः (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको केन्द्रले अनुगमन गरी प्रतिवेदन लिनु पर्नेछ।

(२) सम्बन्धित प्रदेशको उद्योग हेर्ने मन्त्रालय/विभाग/निर्देशनालयले समेत कार्यक्रमको अनुगमन गर्न सक्नेछ।

(३) यस दफा बमोजिम गरिने अनुगमनको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ।

१७. तालिम प्रतिवेदन सम्बन्धी व्यवस्थाः तालिम सञ्चालन गर्ने निकायले तालिम सम्पन्न भएपछि सोको प्रतिवेदन अनुसूची-५ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

१८. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

१९. बाधा अड्काउ फुकाउः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले फुकाउन सक्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची- १

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

### उद्यमशीलता विकास कार्यक्रमका क्षेत्र

१. आधारभूत सीप विकास तालिम अन्तर्गत सञ्चालन गर्न सकिने तालिम कार्यक्रमहरू

क. टायल तथा मार्वल फिटर/ह्याण्डिक्राफ्ट कालिगढ/सुनचाँदी कालीगढ

ख. जुनियर प्लम्बिङ

ग. जुनियर बिल्डिङ ईलेक्ट्रिसियन

घ. ब्युटिसियन बेसिक

ङ. ढाका बुनाई

च. बार्बर (हेयर ड्रेसर)

छ. जनरल कुक

ज. बेकर

झ. बारिष्टा

ञ. मन्टेस्वरी तालिम

ट. मोबाइल मर्मत

ठ. अटोमोबाइल मर्मत

ड. केयरगिभर

ढ. ईलेक्ट्रिकल मोटर रिवाइन्डर

ण. जनरल वैल्डिङ

त. थाङ्का/मिथिला लोक आर्ट

थ. इम्ब्रोइडरी

द. डिजिटल कन्टेन्ट क्रियशन, प्लेटफर्म डेभलपमेन्ट तथा सञ्चालन र डिजिटल मार्केटिङ, आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र फास्ट टेक सम्बन्धी

२. सीप अभिवृद्धि (एडभान्स) तालिम अन्तर्गत सञ्चालन गर्न सकिने तालिम कार्यक्रमहरू

क. एडभान्स सिलाई

ख. फेसन डिजाइनर

ग. एडभान्स ब्युटिसियन

घ. सिनियर प्लम्बिङ

ङ. सिनियर बिल्डिङ इलेक्ट्रिसियन

च. सिनियर वैल्डिङ

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

छ. अटोमोवाइल्स मर्मत

ज. मोवाइल/कम्प्युटर/ल्यापटप मर्मत

## अनुसूची-२

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

निवेदन/दरखास्तको ढाँचा

श्री ...............................

.................................... ।

महोदय,

त्यस केन्द्रबाट मिति ....................... मा प्रकाशित सूचना अनुसार .......... स्थानमा सञ्चालन गरिने ....................... विषयको तालिम कार्यक्रममा सरिक हुने मेरो इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी संलग्न कागजातको प्रतिलिपि सहित यो निवेदन पेश गरेकी/गरेको छु ।

१. निवेदकको नाम, थर :

२. निवेदकको ठेगाना :

क. स्थायी ठेगाना:

ख. अस्थायी ठेगाना:

ग. सम्पर्क टेलिफोन नं.

घ. इमेल:

३. उमेर : .........वर्ष

४. लिङ्ग : पुरुष /महिला

५. बैवाहिक स्थिति : विवाहित/अविवाहित/एकल

६. शैक्षिक योग्यता:

७. परिवारको किसिम र सङ्ख्या: एकल/संयुक्त, ...... जना

८. हालको पेशा:

९. परिवारको आय आर्जनको मुख्य श्रोत :

१०. पारिवारिक स्वामित्वमा रहेको जग्गा र ठेगाना:

११. परिवारको अन्दाजी बार्षिक आम्दानी रु

१२. यस भन्दा अघि कुनै तालिम लिनु भएको छ / छैन ?............

यस अघि तालिम लिएको भए,

क. तालिमको विषय:..........................................

ख. तालिमको अवधि:.........................

ग. तालिम लिएको मिति: .........................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

घ. तालिम दिने संस्थाः .........................

ङ. प्राप्त तालिमको उपयोग स्थितिः .........................

च. स्वरोजगारीः .........................

छ. रोजगारी /ज्याला रोजगारीः .........................

ज. घरायसी प्रयोजनमा सिमितः .........................

झ. सदुपयोग छ/छैनः .........................

१३. तालिम विना कुनै सीप जानेको भए सो सीपको व्यावसायिक उपयोग भएको छ ? उपयोग भएको भए सो को अवस्था :

क. स्वरोजगारी

ख. ज्याला रोजगारी

ग. घरायसी प्रयोजनमा उपयोग

घ. व्याबसायिक उपयोग छैन।

१४. यो तालिम लिन चाहनुको मुख्य कारण :

तालिम पश्चात यसैसाथ संलग्न व्यवसायिक योजना अनुसार सीपको उद्यम/व्यवसाय/रोजगारीमा प्रयोग गर्ने दृढ निश्चय गरेको/गरेकी छु।

.........................

आवेदकको सही र मिति

<u>संलग्न कागजात</u>

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (एउटा मात्र)

(ग) लक्षित वर्ग भए पुष्टि हुने कागजात

लक्षित वर्ग भन्नाले अति सीमान्तकृत, सिमान्तकृत, लोपोन्मुख, आदिवासी जनजाति, मधेशी, दलित, थारु, मुस्लिम, बेरोजगार, वैदेशिक रोजगारबाट फर्केका, द्वन्द्वपीडित, जनआन्दोलनका घाइते परिवार, विपन्न, महिला, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्रका बासिन्दा सम्झनुपर्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा १३ को उपदफा (६) सँग सम्बन्धित)

## तालिम प्रमाण पत्रको ढाँचा

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाण्डौं

फोटो

**प्रमाणपत्र**

प्रमाण पत्र नम्बर ....................

प्रदेश.............................जिल्ला.........................गा.पा./न.पा. ..............वडा नं. .........बस्ने /श्रीमती/सुश्री.................................... ज्यूले यस प्रवर्द्धन केन्द्रद्वारा .......................... स्थानमा मिति २० / / गते देखि २० / / गते सम्म जम्मा .................. अवधिमा सञ्चालित ........................ विषयको तालिममा सहभागी हुनुभई सफलतापूर्वक तालिम सम्पन्न गर्नु भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

मिति छाप प्रशिक्षक तालिम संयोजक/ अधिकृत

MINISTRY OF INDUSTRY, COMMERCE AND SUPPLIES

MICRO, COTTAGE AND SMALL INDSTRY PROMOTION CENTER

TRIPURESWOR, KATHMANDU

CERTIFICATE

Certificate No: ..........

This is to certify that Mr./Mrs/Miss............................................................... Resident of .......................... successfully completed the skill development program on ...................... conducted by this center at ................................. for total duration of ......................................

Date: Seal: Trainer Training Co-ordinator/ Officer

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-४

(दफा १६ को उपदफा (३) सँग सम्बन्धित)

अनुगमन प्रतिवेदनको ढाँचा

१. प्रदेश..................जिल्ला .................... कार्यक्रम सञ्चालन भएको ............................पालिका वडा नं...........

२. प्रशिक्षकको नामः ....................................

३. तालिम प्रदायक संस्थाको नाम ..............................................

४. कार्यक्रम सञ्चालन अवधिः ..............................................

५. अनुगमन विवरण ,

क. तालिम प्रदायक संस्थाका सम्बन्धमा

- तालिम स्थानको अवस्था
- तालिम स्थानमा भएका सुविधा
- तालिममा प्रशिक्षकको उपलब्धता
- प्रशिक्षकको प्रशिक्षणप्रति सहभागीको प्रतिकृया
- तालिम संयोजकको संयोजन कला
- तालिम सञ्चालन विधि
- समय पालनाको अवस्था
- तालिममा प्रयोग भएको प्रविधिको उपयुक्तता

ख. प्रशिक्षार्थीको सम्बन्धमा

- छनोट भएको र सहभागी भएको सङ्ख्या
- समयपालना र आचारसंहिता पालनाको अवस्था
- सीप सिकाइ प्रतिको रुची
- सिकाइमा समान अवसर पाए नपाएको
- तालिम प्रविधिमा पहुँचको अवसर
- खाजा लगायतका सुविधाको उपभोगको अवस्था

ग. तालिमको प्रगतिको अवस्था उद्यमशीलता विकास र आधारभूत सीप विकास)तालिम(

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| मुख्य क्रियाकलापहरू | सहायक क्रियाकलापहरू | सूचक/पुष्टयाईंका आधार | प्रगति अवस्था |
|---|---|---|---|
| प्राविधिक सीप विकास तालिम | व्यावसायिक योजनाको आधारमा प्राविधिक सीप विकास तालिम प्रदान | • उद्यमीहरूको व्यावसायिक योजना<br>• स्थानीय श्रोत साधनको प्रयोगको संभाव्यता<br>• मेसिनरी तथा प्रविधिहरूको प्रयोग<br>• तालिमको उत्पादन तथा तयारी वस्तुहरूको व्यवस्थापन<br>• सहभागिहरूको उपस्थिति विवरण<br>• तालिम प्रतिवेदन (Post Training) | |

(ख)एड्भान्स तालिम तर्फः

| मुख्य क्रियाकलापहरू | सहायक क्रियाकलापहरू | सूचक/पुष्टयाईंका आधार | प्रगति अवस्था |
|---|---|---|---|
| व्यवसाय वा रोजगारीको अवस्थामा स्तरोन्नतीका लागि आवश्यकता पहिचान | • SWOT Analysis | • आवश्यकता तथा सम्भाव्यता विश्लेषणको प्रतिवेदन | |
| पुनर्ताजगी तथा एडभान्स तालिम | • परिमार्जित व्यावसायिक योजनाको आधारमा प्राविधिक सीप विकास तालिम प्रदान | • उद्यमीहरूको परिमार्जित व्यावसायिक योजना<br>• मेसिनरी/प्रविधिहरूको प्रयोग | |

| | | | |
|---|---|---|---|
| | | • तालिमको उत्पादन तथा तयारी वस्तुहरू<br>• सहभागीहरूको उपस्तिथि विवरण<br>• तालिम प्रतिवेदन | |

घ. कार्यक्रम सञ्चालनको गुणस्तरको अवस्थाः

६. कार्यक्रम सञ्चालन अनुगमनको सारांश विवरणः

| विवरण | जम्मा | | | लक्षित वर्गका दलित, आदिवासी जनजाति, मुस्लिम, थारू, सिमान्तकृत, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, वैदेशिक रोजगारबाट फर्किएका/रोजगारी गुमाएका खुलाउने | |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | महिला | पुरुष |
| | | | | | |

७. सम्झौतामा उल्लेख गरिएका अन्य क्रियाकलापहरुः

क. ....................

ख. ......................

ग. ....................

घ. .......................

ङ. ...........................

८. अनुगमनकर्ताकोसुझावहरुः

(क) प्रशिक्षार्थीहरूलाईः ..........................................................................

(ख)...................................................................................................

प्रशिक्षकहरूलाईः...........................................................................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

........................................................................................................

(ग) सेवाप्रदायकलाईः...............................................................................

(घ)..........................................................................................................

अन्यलाईः..................................................

........................................................................................................

९. समग्र मुल्याङ्कन ..............................................

अनुगमनकर्ताको नाम र पदः

अनुगमन गरेको मितिः

प्रतिवेदन पेश गरेको मितिः

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-५

(दफा १७ सँग सम्बन्धित)

तालिम सम्पन्न प्रतिवेदन

क. तालिम प्रदायकको नाम ठेगाना

ख. तालिमको अवधि............................ देखि................................... सम्म

ग. तालिमको मोडालिटी (कार्यविधिको दफा ११ अनुसार)

घ. सम्झौता भएको मिति

ङ. तालिमा सहभागीको सङ्ख्या

च. सम्पन्न तालिममा सहभागिको वर्गिकृत विवरण

| तालिमको नाम | लक्ष्य | प्रगतिको सङ्ख्यात्मक विवरण | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा सङ्ख्या | महिला | पुरुष | अन्य | दलित | जनजाति/ आदिवासी | खस आर्य | अपांगता भएका | युवा (१६-४० वर्ष) | मधेशी | मुस्लिम | थारु | पिछडा वर्ग/ | आर्थिक रुपले विपन्न | अन्य वर्ग खुलाउने |
| | | | | | | | | | | | | | | | | |

छ. तालिम कार्यक्रममा सहभागिको संख्यात्मक विवरण

| तालिमको नाम | अवधि | छनोट भएको तालिम संख्या | सहभागी भएको संख्या | तालिम पुरा गरेको संख्या | प्रशिक्षक संख्या | सहायक प्रशिक्षकको संख्या | रोजगारीमा संलग्न हुन चाहनेको | स्वरोजगारीमा संलग्न हुन | तालिमका क्रममा भएको अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

ज. तालिमका लागि छनोट प्रकृया

झ. तालिमबाट उत्पादित सामग्रीको व्यवस्थापन

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

१.

२.

ञ. तालिमको समग्र खर्च

१.

२.

ट. तालिममा देखा परेका समस्या र समाधान

ठ. अन्य खुलाउनु पर्ने विषय

प्रतिवेदन बुझाउनेको नामः ............................

दस्तखतः......................

मितिः...................... ..

छाप